# ११. पवित्र आत्माको व्यक्तित्व र काम

क. मुख्य पदहरु

| | |
|---|---|
| यूहन्ना १४:१५-२७ | प्रेरित १:४-८ |
| यूहन्ना १६:५-१५ | १कोरिन्थी २:९-१६ |

ख. परिचय

पवित्र आत्मा कुनै अस्पष्ट प्रभाव या रहस्यमय विचार हुनुहुन्न तर उहाँ एक व्यक्ति हुनुहुन्छ. यसको मतलव उहाँले हामीसित सम्बन्ध कायम गर्दै हाम्रो बीचमा आफूलाई अझ वास्तविक (साँचो रुपमा) प्रकट गर्नुहुन्छ. हामीले उहाँलाई देख्नैपर्छ भन्ने छैन तर हाम्रो भित्री मानिस (आत्मा) द्वारा जीवनमा ठूलो प्रभावपार्न सक्नुहुन्छ र यसरी उहाँ यथार्थ हुनुहुन्छ. त्रीएक परमेश्वरको उहाँ तेश्रो सदस्य हुनुहुन्छ. परमेश्वर पिता र परमेश्वर पुत्र जस्तै उहाँ अनन्त (हिब्रु ९:१४), सर्वव्यापी - सबै ठाउँमा उपस्थित (भजन १३९:७), सर्वज्ञानी - सबै कुराको ज्ञान भएको (१कोरिन्थी २:१०), र सर्वशक्तिमान (उहाँले गर्न नसक्ने कुनै कुरा नभएको (लूका १:३५) हुनुहुन्छ. उहाँबाट व्यक्तिगत गुणहरु प्रष्फुटन हुन्छन - बुद्धि (रोमी ८:२७), इच्छा (१कोरिन्थी १२:११), र भावना (एफिसी ४:३०). उहाँ हाम्रो सबै दैनिक परिस्थितिहरुमा हुनुहुन्छ, हामीसँग संचारसम्बन्ध कायम राख्नुहुन्छ, आफ्नो बारेमा उहाँ हामीसँग केही लुकाउनुहुन्न त्यसैगरी हामीपनि उहाँसित केही पनि नलुकाउने र स्पष्ट भएको चाहनुहुन्छ. उहाँ व्यक्ति हुनुभएकोले हामीसँग व्यक्तिगत रुपले कुराकानी गर्नुहुन्छ. प्रत्येक विश्वासीले पवित्र आत्माको सामर्थ्य र वास्तविकता जान्नुपर्दछ. तिनीहरुको जीवन संचालनका सबै कुरामा उहाँको जीवन समावेश भएको हुनुपर्दछ (यूहन्ना ७:३८-३९). पवित्र आत्मा बिना हाम्रो दैनिक जीवनमा हामीले परमेश्वरको सामर्थ्य कहिल्यै थाहा पाउनेछैनौं. हाम्रो मानव अस्तित्वमा पूर्ण आनन्द र भरपूरी प्राप्त गर्न परमेश्वर हाम्रो पिताबाट आएका पवित्र आत्माको यो महान वरदानको हामीलाई गहन आवश्यकता छ.

## ग. बाइबलले पवित्र आत्मालाई विभिन्न रुपमा बयान गरेको

१. विभिन्न नामहरु

- असल आत्मा (नहेमिया ९:२०)
- परमेश्वरको आत्मा (मत्ती ३:१६)
- सल्लाहकार (यूहन्ना १४:१६,२६)
- सत्यको आत्मा (यूहन्ना १६:१३)
- ख्रीष्टको आत्मा (रोमी ८:९)
- अनुग्रहको आत्मा (हिब्रु १०:२९)

२. चिन्हहरु

- ढुकुर (मत्ती ३:१६)
- आवाज (१ राजा १९:१२)
- पानी र जीवित पानी (यशै ४४:३, यूहन्ना ७:३७-३९)
- हावा (प्रेरित २:२)
- तेल (१ सामू १६:१३)
- आगो (प्रेरित २:३)

## घ. येशूका चेलाहरुमा पवित्र आत्माको काम

- दुष्टात्माहरुलाई निकाल्न उहाँले हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ (मत्ती १२:२८).
- परमेश्वरले इच्छा गर्नु भए अनुसार बोल्न हामीलाई उहाँले मदत गर्नुहुन्छ (मर्कूस १३:११)
- नयाँ जन्म प्राप्त गर्न उहाँले हामीलाई सक्षम बनाउनुहुन्छ (यूहन्ना ३:५-८).
- उहाँ सदाको निम्ति हाम्रो सल्लाहकार हुनुहुन्छ (यूहन्ना १४:१६).
- उहाँ हामीमा बास गर्नुहुन्छ (यूहन्ना १४:१७).
- उहाँले हामीलाई सिकाउनुहुन्छ (यूहन्ना १४:२६, यूहन्ना १६:१३-१४).
- आफ्नो दोष मानिलिन हामीलाई उहाँले मदत गर्नुहुन्छ (यूहन्ना १६:८-११).
- परमेश्वरको साक्षी हुन हामीलाई उहाँले सामर्थ्य प्रदान गर्नुहुन्छ (प्रेरित १:८).
- परमेश्वरको प्रेमले हाम्रो हृदय भर्न हामीलाई उहाँले मदत गर्नुहुन्छ (रोमी ५:५).

- हामी परमेश्वरका सन्तान हौं भन्ने कुरा हाम्रो आत्मासित उहाँले साक्षी दिनुहुन्छ (रोमी ८:१६).
- हाम्रो कमजोरीहरुमा उहाँले हामीलाई सहायता गर्नुहुन्छ (रोमी ८:२६).
- हामीमा धार्मिकता र शान्ति आउन उहाँले हामीलाई मदत गर्नुहुन्छ (रोमी १४:१७).
- आशाले भरपूर हुन उहाँले हामीलाई सहायता गर्नुहुन्छ (रोमी १५:१३).
- उहाँले हामीलाई चोख्याउनुहुन्छ (रोमी १५:१६).
- उहाँले इच्छा गरे अनुसार हामीलाई विभिन्न दान बरदानले भर्नुहुन्छ (१कोरिन्थी १२:४-११).
- हामीमा आत्माका फलहरु आउन उहाँले हामीलाई सहायता गर्नुहुन्छ (गलाती ५:२२-२३).
- उहाँले हामीलाई आनन्दले भर्नुहुन्छ (१थेस्स १:६).

ङ. हाम्रो जीवनमा पवित्र आत्माको सामर्थ्यको किन खांचो छ ? चार कारणहरु

१. **शक्तिशाली कामहरु**

हामीमा परमेश्वरको सामर्थ्य बिना हामी परमेश्वरको पुत्रहरु हुन सक्दैनौ. मानव जातिले आफ्नो बाटो बिराएको छ र उसले साँचो पितालाई चिन्दैन. हाम्रो आत्मिक आवश्यकताप्रति जागरुक बनाएर हामीलाई येशूतिर औंल्याउनु पवित्र आत्माको काम हो. परमेश्वरले मानिसहरुलाई आफैंतिर फर्काउनका लागि येशू परमेश्वरमा पुग्ने द्वार हुनुहुन्छ (यूहन्ना १:१२-१३). पवित्र आत्माको सामर्थ्यले हामीमा काम गरेपछि हाम्रो आफ्नै बलमा गर्न नसक्ने कामहरु हामीले गर्नेछौं. हामी परमेश्वरका पुत्रहरु हुनेछौं र उहाँको परिवारका सदस्यहरु जस्तै नै जिएर सोही अनुरुप व्यवहार गर्नेछौं.

२. **शक्ति हुन**

हाम्रो दैनिक जीवनका निम्ति आवश्यक शक्ति पवित्र आत्माद्वारा हामीमा छ. परमेश्वरको सामर्थ्य हामीले थाहा पाएको उहाँ चाहनुहुन्छ, यसरी विश्वासको जीवन हामी निरन्तर रुपमा जिउन सक्छौं. अरुहरुका निम्ति येशूमा दैनिक जिउनु भनेको के हो सो को हामी उदाहरण हुनसक्छौं. हामीलाई थाहा छ हाम्रो शरीर कमजोर छ तर हामी मात्र होइन.

इश्वरीय शक्तिको श्रोत परमेश्वरले हाम्रो निम्ति उपलब्ध गराउनु भएको छ. परमेश्वर आफैं हाम्रो हृदयमा बास गर्नुहुन्छ (एफिसी ३:१६-१७).

**३. शक्तिमाथि विजय प्राप्त गर्न**

प्रत्येक क्रिश्चियन विश्वासी युद्धक्षेत्रभित्र बसोवास गरिरहेको हुन्छ. विश्वासी हुन अघि हामी शैतानपट्टि थियौं. तर हामीले येशूलाई पछ्याउने निश्चय गरेपछि हामी विजेताहरुपट्टी लागेका छौं अर्थात परमेश्वरपट्टि (एफिसी २:१-५). शैतानले हामीलाई येशूलाई पछ्याउनबाट रोक्ने प्रयत्न गर्दछ त्यसकारण हामीले प्रभुमा विश्वास गरिसकेपछि उसितको हाम्रो लडाईं अहिले झन चर्किएको छ. परमेश्वरले आफ्नो शक्ति हामीमा उपलब्ध गराउनु भएको छ ताकि शैतानलाई जित्न आवश्यक बल र बुद्धि हामीले प्राप्त गर्नसकौं (१यूहन्ना ४:४).

**४. सामर्थ्य बांडचुंड गर्न**

*"तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदीयामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ."* (प्रेरित १:८)

यहाँ "शक्ति" शब्द ग्रीक भाषामा Dunamis बाट अंग्रेजीमा Dynamite हुन पुगेको छ. हामी पनि त्यही शक्तिले भरिएको परमेश्वर चाहनुहुन्छ. येशूको जीवनको साक्षी दिने, उहाँको बारेमा कुरा गर्ने मात्र होइन तर अन्य मानिसका सामुन्ने येशू जस्तै हुने अर्थात हामीले बोल्दा, प्रार्थना गर्दा र छुंदा पनि उहाँ जस्तै पवित्र आत्माको सामर्थ्यमा येशू नै तिनीहरुका साथ भएजस्तै हुने.

## च. दानहरु र फल

हामीबाट परमेश्वर ठूला कामहरु मात्र गर्न चाहनुहुन्न तर ठूला ठूला कुराहरु पनि हामीलाई दिन चाहनुहुन्छ.

**१. आत्माका वरदानहरु**

यिनीहरु परमेश्वरबाट आउने अलौकिक वरदानहरु हुन. परमेश्वरले आफ्नो महिमाको निम्ति चलाउनुभन्दा अगाडि हामी आफूमा भएका स्वाभाविक दानहरु समेत हामीले उहाँमा समर्पण गर्नुपर्छ. उहाँको सेवा आराधना गर्न र इच्छा पालन गर्न हामीलाई पवित्र आत्माले तयार पार्नुहुन्छ (१कोरिन्थी १२:७). १कोरिन्थी १२:७-११ र रोमी १२:६-८ बाट

हामीलाई प्राप्त हुनसक्ने वरदानहरुका बारेमा बुझ्न सहायता मिल्छ. हामीलाई केही कुराको खांचो हुन नदिने व्यवस्था पिताले मिलाउनु भएको छ. त्यसरी हामी उहाँको इच्छा, उद्देश्य आदि पूरा गर्दै पृथ्वीमा येशूको सामर्थ्यबारे साक्षी दिनसक्छौं.

२. **आत्माका फलहरु**

बरदानजस्तै यी पनि महत्वपूर्ण छन. हामीलाई येशूको स्वभाव र स्वरुपमा पवित्र आत्माले बदल्नु भएको प्रमाण आत्माका फलहरु हुन. हाम्रो जीवनको गवाही अति महत्वपूर्ण छ. गलाती ५:२२-२३ मा बर्णन गरिएका फलहरु सबै नै येशूको चरित्रका अंशहरु हुन. उहाँको फलहरुको बिजारोपण पवित्र आत्माले हाम्रो जीवनमा गर्नुहुन्छ. हाम्रा काम र विचारहरुमा हामी येशू जस्तै हुन पवित्र आत्माको पवित्र प्रभाव प्रति आफूलाई बढी भन्दा बढी संवेदनशील बनाउने कुरामा भरपर्छ.

छ. पवित्र आत्माद्वारा भरिएपछिका असरहरु के के हुन ?

१. **येशूप्रति**

येशू अधिकार र सामर्थ्यसाथ अहिले जीवित हुनुहुन्छ भनेर तपाईंले पहिला कहिल्यै नगरेको अनुभव अब गर्नुहुनेछ (प्रेरित २:३२-३६).

२. **परमेश्वरप्रति**

तपाईंको निम्ति परमेश्वरको गहिरो प्रेम तपाईंले अनुभव गर्नुहुनेछ र उहाँको पितृ हृदयको नयाँ अनुभूतिमा प्रवेश गर्नुहुनेछ (रोमी ८:१५, गलाती ४:६). आनन्द र साहससाथ उहाँलाई प्रेम र प्रशंसा तपाईंले दिल खुलाएर तथा स्वतन्त्रतापूर्वक गर्नुहुनेछ (एफिसी ५:१८-२०).

३. **परमेश्वरको वचनप्रति**

परमेश्वरको वचनप्रति तपाईंको भोक नयाँ किसिमले जाग्नेछ र यसबाट उहाँको आवाज सुन्ने सामर्थ्य तपाईंमा बढ्नेछ (यूहन्ना १६:१३-१५, एफिसी ६:१७).

४. **आत्माप्रति**

उहाँको उपस्थिति र अगुवाईप्रति तपाईं धेरै संवेदनशील बन्नुहुनेछ (एफिसी ४:३०, रोमी ८:१४). आत्माका विभिन्न र थुप्रै वरदानहरु प्राप्त गर्न तपाईं इच्छुक हुनुहुनेछ.

५. **अरुहरुप्रति**

अन्य मानिसहरुप्रति तपाईंको हृदय खुल्ला हुनेछ. तिनीहरुलाई अझ बढी प्रेम गर्ने र मण्डलीका कार्यक्रमहरुमा भागलिन तपाईंमा थप जांगर पलाउनेछ (१कोरिन्थी १२:१२-१३).

६. **संसारप्रति**

येशूको निम्ति साक्षी दिन तपाईंको साहसमा बृद्धि हुनेछ (प्रेरित १:८, ४:३१).

७. **आत्मिक लडाईंप्रति**

शत्रुप्रति येशू ख्रीष्टमा भएको तपाईंको अधिकारका निम्ति तपाईं बढी सचेत हुनुहुनेछ र त्यसरी तपाईं खडा भएर परमेश्वरको राज्य फैलिएको देख्नसक्नुहुनेछ (एफिसी ६:१०-१८, एफिसी १:१७-२३).

ज. अन्य भाषाको सम्बन्धमा नि ?

पिताले तपाईंलाई पवित्र आत्माले भर्नुभएपछि यो वरदान प्राप्त गर्ने आशा तपाईं गर्न सक्नुहुन्छ. येशूलाई पछ्याउनमा यसले थप मदत पुऱ्याउंछ.

- येशूले प्रतिज्ञा गर्नुभएको वरदानहरुमध्येको यो एक हो (मर्कूस १६:१७, १कोरिन्थी १२:१०).
- आत्माले आत्मासित र परमेश्वरसित संचार कायम गर्ने सामर्थ्य हो, र यसले तपाईंको सुधार गर्नेछ. तपाईंको आत्मालाई सामर्थी बनाउंदै तपाईंलाई सुगठित पार्दछ (१कोरिन्थी १४:२,४ र १४).
- तपाईंले कहिल्यै नसिकेको भाषा तपाईंलाई व्यक्तिगत तवरले दिइएको यो भाषिक वरदान हो (प्रेरित २:४, ७ र ८).
- परमेश्वरको इच्छा मुताविक प्रार्थना गर्न यसले सहायता गर्छ (रोमी ८:२६-२७).

झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. परमेश्वरले इच्छा गर्नुभए अनुसार हाम्रो जीवन व्यवहारिक रुपमा जिउन पवित्र आत्माले हामीलाई कुन किसिमले मदत गर्नुहुन्छ ?

२. पवित्र आत्माले तपाईंलाई कस्तो किसिमले सहायता गर्नुभयो ?

३. येशूको साँचो चेलाको रुपमा जिएर अरुको निम्ति तपाईंको जीवन अनुकरणीय बनेको छ ? यदि छैन भने यसमा कसरी प्रगति गर्नसक्नुहुन्छ ?

४. येशूको अझ बढी प्रभावकारी चेला हुनको निम्ति तपाईंको जीवनको कुनचाहिं पक्ष पवित्र आत्मालाई सुम्पनुपर्ने देख्नुहुन्छ ?
५. के सबै विश्वासीहरुले अन्य भाषामा बोल्नुपर्छ ? कि यो भए या नभएपनि हुन्छ ?

## सारांश र प्रयोग

१. पवित्र आत्मा त्रीएक परमेश्वरको तेश्रो व्यक्तित्व हुनुहुन्छ. उहाँ हाम्रो सल्लाहकार भएर हामीलाई पिता र पुत्रकहाँ डोऱ्याउन चाहनुहुन्छ.
२. पवित्र आत्मा एउटा विश्वासीका निम्ति उपलब्ध स्रोत हुनुहुन्छ. परमेश्वरले चाहनु भएको मानिस बन्न र उहाँको इच्छा पूरा गर्न आत्माले सहायता गर्नुहुन्छ.
३. पवित्र आत्माद्वारा हामीले येशूको चरित्र र सामर्थ्य प्राप्त गर्नेछौं.